नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
२०१४/1957
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
आषाढ/श्रावण २०८२ (July 2025) वर्ष २८/अङ्क ३१९

## साँचो आराधना

- पाष्टर सिमोन पाठक

"यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर" (रोमी १२:१)।

बाइबलमा परमेश्वरको आराधना गाएर, नाचेर विभिन्न किसिमका बाजागाजाहरू बजाएर, हात उचालेर, दण्डवत गरेर, लम्पसार परेर सृष्टिकर्ता परमेश्वरको आराधना गरेको पाइन्छ। पावलले रोमको मण्डलीलाई परमेश्वरको साँचो आराधना गर्ने अर्को एउटा तरिका पनि बताएका छन्। त्योचाहिँ हो: आफ्नो शरीरलाई जिउँदो बलिको रूपमा परमेश्वरमा अर्पण गर्नु।

आराधना भन्नासाथ गीत भजन गाएर गरिने कुरालाई मात्र विचार गर्छौं। यसरी गर्नु आराधनाको एउटा भाग हो तर यो मात्र आराधना होइन। आफ्नो शरीरलाई जिउँदो बलिको रूपमा अर्पण गर्नु नै आराधना हो। यहाँ शरीर भनेको हाम्रो सम्पूर्ण जीवन हो। हाम्रो इच्छा, विचार, भावना, सोच, काम, योजना, सम्पत्ति, परिवार लगायत आफूसँग भएका सबैथोकलाई नै बुझाउँछ।

प्रभुको महिमाको निम्ति हामीले जे जति कुराहरू हृदयदेखि गर्छौं ती सबै नै परमेश्वरलाई गरिने आराधनाका भागहरूभित्र पर्दछ। यदि मण्डलीका कुनै क्षेत्रमा सेवा पुऱ्याउँदैछौं, त्यो आराधना हो। परमेश्वरको वचन सुन्दैछौं, त्यो आराधना हो। गीत, भजन गाउँछौं त्यो आराधना हो। एकले अर्कोलाई प्रेम गर्छौं, त्यो आराधना हो।

प्रभुले चेलाहरुलाई भन्नुभयो, "तिमीहरुले एकले अर्कोलाई प्रेम गऱ्यौ भने तिमीहरू मेरा चेलाहरू हौं।" ख्रीष्टको चेला चेली भएर जीवन जिइराखेका छौं, त्यो आराधना हो। भेटी, दशांश दिनु त्यो पनि आराधना हो। परमेश्वरको उपासना, आराधना पच्चिस, तीस मिनेट गीत, भजन गाएर गरिने कुरामात्र आराधना होइन। गीत भजन गाएर गरिने आराधना आराधनाको सानो भाग मात्र हो।

बालबालिकाहरूले खेलाउने पजलका स-साना टुक्राहरू सबै जोड्दै गएपछि एउटा सुन्दर चित्र बन्छ। ती पजलका टुक्राहरू सबै एकअर्कामा मिलाएर राखिसकेपछि त्यसले केही कुराहरू झल्काउँछ। हामीले गीत, भजन गाएर स्वर खोलेर गरिने आराधना पजलको एउटा टुक्रामात्र हो। तर साँचो आराधनाचाहिँ आफ्नो सम्पूर्ण जीवनका क्रियाकलापहरूद्वारा परमेश्वरको महिमा हुने काम गर्नु नै साँचो आराधना हो।

सेवाको समयमा परमेश्वरलाई स्तुति, प्रशंसा, आराधना गऱ्यौं तर वचन सुन्ने समयमा मन लगाएनौं, मोबाइल खेलाउन थाल्यौं, वचन सुनेको जस्तो मात्रै छ तर मनचाहिँ अरु नै कुरामा केन्द्रित गरिरहेका छौं, वचनको समयमा कुनै जरुरी काम नपरे पनि रमाइलोको लागि एकअर्कासँग म्यासेज गरिरहन्छौं, म्यासेजमा एकाअर्कामा कुरा गर्छौं भने हामीले आराधना के हो सो बुझ्न सकेनौं। सेवाको समयमा गाउने गीत, भजन, आराधना, प्रार्थना, वचन, भेटी, प्रभुभोज सबै नै आराधना हो। हप्ताभरि प्रभुको महिमाको निम्ति गरिने सबै कामहरू आराधना हो। प्रभुको सेवाको काममा उदारचित्तले दिनु आराधना हो। प्रभुको साक्षी भएर जिउनु आराधना हो। कतिपटक सेवा संचालन गर्दा संचालकले अब भेटीको पालो, वचनको पालो भन्ने गर्छौं किनकि यो हामीले गर्दै आएकोले हामीलाई बानी लागेको छ। तर वास्तवमा हामीले भन्नुपर्ने चाहिँ अब हामी गीत, भजन गाएर आराधना गर्नेछौं। अब हामी भेटी, दशांश दिएर आराधना गर्नेछौं। अब हामी वचन सुनेर आराधना गर्नेछौं। अब हामी प्रभुभोजमा सहभागी भएर आराधना गर्नेछौं।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| आषाढ २८ गते<br>July 12 | एल्डर<br>अर्जुन ढकाल | डीकनेस्<br>रश्मिला तामाङ्ग | एल्डर<br>बागमान तामाङ्ग | डीकन<br>भूपाल लामा | श्री<br>सुचन तामाङ्ग | एल्डर<br>सिमोन खालिङ | एल्डर<br>श्रीलक्ष्मी सैंजु |
| श्रावण ३ गते<br>July 19 | पाष्टर<br>सिमोन पाठक | एल्डर<br>राजु तामाङ्ग | एल्डर<br>रत्नमान महर्जन | डीकन<br>कुमार गज्मेर | श्री<br>विजय तामाङ्ग | पाष्टर<br>रोल्याण्ड रोंगोंग | पाष्टर<br>रूबेन श्रेष्ठ |
| श्रावण १० गते<br>July 26 | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>राजु तामाङ्ग | डीकनेस्<br>रमा राई | एल्डर<br>सिद्धि खालिङ | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>सीता गुरूङ्ग | डीकन<br>सिमोन भण्डारी |
| श्रावण १७ गते<br>August 2 | पाष्टर<br>सिमोन पाठक | श्री<br>सुचन तामाङ्ग | डीकन<br>युसूफ श्रेष्ठ | श्री<br>माया तामाङ्ग | डीकन<br>मिन ब. तामाङ्ग | पाष्टर<br>घनश्याम दाहाल | पाष्टर<br>रूबेन श्रेष्ठ |

### नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैँसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आषाढ २८ गते<br>July 12 | एल्डर<br>पेशल राई | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकनेस्<br>सलोमी दों | डीकनेस्<br>राममाया<br>नगरकोटी | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>कृष्ण श्रेष्ठ | डीकन<br>उमेश मगर | श्रीमती<br>देवकी जिरेल | डीकन<br>अशोक श्रेष्ठ | डीकन<br>गोविन्द नगरकोटी |
| श्रावण ३ गते<br>July 19 | श्री<br>जीवन खालिङ | एल्डर<br>पेशल राई | श्री<br>आशुतोश<br>नगरकोटी | एल्डर<br>अमृत लामा | श्री<br>टुम्बल डोटेल | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | डीकनेस्<br>रमा महर्जन | डीकन<br>हिमलाल श्रेष्ठ |
| श्रावण १० गते<br>July 26 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>लाक्पा लामा | एल्डर<br>गोपी राई | एल्डर<br>राज गुरूङ्ग | एल्डर<br>कृष्ण श्रेष्ठ | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | डीकन<br>गोपाल नगरकोटी | एल्डर<br>जमान घ्लान | डीकन<br>पवन सुनुवार |
| श्रावण १७ गते<br>August 2 | एल्डर<br>पेशल राई | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | एल्डर<br>अमृत लामा | एल्डर<br>गोपी राई | एल्डर<br>कृष्ण श्रेष्ठ |

पावलले कोरिन्थीको मण्डलीलाई पत्र लेख्दा आफूले गर्ने सबै कुराद्वारा परमेश्वरको आराधना गर्नलाई आज्ञा दिएका छन् । "यसकारण चाहे तिमीहरू खाओ, अथवा पिओ, वा तिमीहरू जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर" (१ कोरिन्थी १०:३१) । परमेश्वरको महिमा हुने काम गर्नु सबै नै साँचो आराधना हो । हामीले यो सत्यता बुझ्न सकेनौं भने परमेश्वरको आराधना गरिने कुरालाई सानो बनाउन पुग्छौं । यो सत्यता बुझ्नको लागि परमेश्वरमा आफ्नो शरीरका सबै इच्छा, चाहना, भावना, विचार, अभिलाषा सबै नै समर्पण गर्नु जरूरी छ । समर्पण नै साँचो आराधना हो । परमेश्वरले तपाईं र मेरो सबै कुरा समर्पण गरेको चाहनुहुन्छ । दश आज्ञामा पहिलो आज्ञा- "म बाहेक अरू कुनै देवता देवीहरू नमान्नू" (प्रस्थान २०:३) । यो आज्ञामा परमेश्वरबाहेक अरू कुनै कुरालाई आराधना नगर्नू । यो शरीरलाई परमेश्वरबाहेक अरू कुनै कुरामा समर्पण नगर्नू । यो शरीर परमेश्वरको मन्दिर हो । यो मन्दिरमा कुनै दुष्ट कुराहरुलाई बास गर्न नदिनू, शरीरका अभिलाषाहरूलाई नाश गर्नू, पाप स्वभावलाई मार्नु परमेश्वरको साँचो आराधना हो ।

के हामी आफ्नो शरीर आत्मिक उपासनाको रूपमा परमेश्वरमा अर्पण गर्न तयार छौं ?

### जुलाई महिनाको कार्यक्रम

श्रावण १ गते/जुलाई १७ तारिख बिहीबार बिहान १०:०० बजे उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा ।

### क्षमाप्रार्थी

जून महिनाको सूचनापत्रको लेखको शीर्षकमा "निर्णय" लिनु विशेष आशिष हुनुपर्नेमा आशिषे हुन गएकोमा क्षमाप्रार्थी छौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| आषाढ २८ गते<br>July 12 | एल्डर<br>यमदेवी पोखेल | श्री<br>जीवन खालिङ | एल्डर<br>भुवन देवकोटा | डीकन<br>शुक्रराज घिमिरे | एल्डर<br>पिटर लिम्बू | श्री<br>कुमार सेन्चुरी | श्री<br>चन्द्र मोक्तान |
| श्रावण ३ गते<br>July 19 | एल्डर<br>रूद्र राई | डीकन<br>अनिल चौधरी | डीकन<br>कृष्ण नगरकोटी | एल्डर<br>बेन्जामिन तामाङ्ग | डीकन<br>प्रशान्त सिंह | डीकन<br>अनिल आले | एल्डर<br>राजु श्रेष्ठ |
| श्रावण १० गते<br>July 26 | एल्डर<br>बाबुराम के.सी. | पाष्टर<br>घनश्याम दाहाल | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>बी.एन. पण्डित | एल्डर<br>राजु श्रेष्ठ | श्री<br>बाबुकाजी श्रेष्ठ | डीकन<br>डिल्ली बहादुर राई |
| श्रावण १७ गते<br>August 2 | एल्डर<br>नभराज के.सी. | पाष्टर<br>शरण राई | एल्डर<br>आनन्द न्यौपाने | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>बी.एन. पण्डित | एल्डर<br>जोरबिर राई | एल्डर<br>छोदेन कार्थक |

## हार्दिक बधाई



जेष्ठ १९ गते/जून २ तारिख, सोमबार नेइम गोंगबूँ चर्चको सदस्य श्री रामशरण नेपाली र नेपाली बिलिभर्स चर्च, सिन्धुलीको सदस्य सुश्री स्मिता नेपालीको नेपाली बिलिभर्स चर्च, सिन्धुलीमा विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

१. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति निरन्तर प्रार्थना गरौं ।

२. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगतिको लागि प्रार्थना गरौं ।

३. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् साथै उहाँको इच्छाअनुसार मण्डलीहरू पनि अघि बढ्दै जान सकून् ।

४. मण्डलीका सबै विश्वासीहरू पवित्र आत्माको भरपूरी र पवित्र आत्माको अगुवाइमा जिउनेहरू हुन सकून् ।

५. झरी वर्षाको समयमा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको कारण दुःख, कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुका जनहरूको लागि प्रार्थना गरिदिऔं ।

### जानकारी



लाजिम्पाट बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री एलिफा राई २८ वर्षको उमेरमा आषाढ ६ गते/जून २० तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।



ढल्को बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री पूर्ण माया पोडे ५५ वर्षको उमेरमा आषाढ ९ गते/जून २३ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

जेष्ठ २४ गते/जून ७ तारिख शनिबार नेइम ललितपुर चर्चमा १ जना र जेष्ठ ३१ गते/जून १४ तारिख शनिबार नेइम कुवापानीमा ४ जनाको समर्पण भयो ।

नेइम जोरपाटी चर्चको १० औं शाखा मण्डली नेइम जोरपाटी फलेडाँडा मण्डली भवन अर्पण तथा उद्घाटन आदनीय पाष्टर प्रेम श्रेष्ठ गुरुबाबाट असार ६ गते तदानुसार जून २० तारिख शुक्रबार सम्पूर्ण फलेडाँडा मण्डली परिवार जोरपाटी मण्डलीका एल्डर, डिकन तथा अगुवाहरू र परमेश्वरको उपस्थितिमा सम्पन्न भयो । असार १४ गते २०८२ साल देखि फलेडाँडामा आराधना सेवा हरेक शनिबार विहान १०:३० बजे संचालन हुनेछ ।

आषाढ १४ गते/जुन २८ तारिक शनिबार नेइम ज्ञानेश्वर चर्च २९ जना बाल बालिकाहरूको बाल अर्पण भयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २२ 6<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | २९ 13<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूको प्रभुबाटको सुरक्षा र सेवकाइको लागि प्रार्थना गरौं ।<br>यशैया ४२:६-७ | ४ 20<br>भारतका मुम्बई, पुना लगायत अन्य शहरहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ६८:१९-२० | ११ 27<br>मण्डलीलाई अगुवाइ गरिराख्नुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्दै मण्डलीलाई पनि अघि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१० |
| **सोमबार** Monday | २३ 7<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत प्रभुसँगको संगति साथै पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>भजनसंग्रह २६:८, १३२:७ | ३० 14<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिल्यै नरोकिएको होस् ।<br>प्रेरित २:४२-४७ | ५ 21<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | १२ 28<br>आशिषित भएर जिउनको लागि दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ |
| **मंगलबार** Tuesday | २४ 8<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा जुवाहरू भाँचिएको साथै चंगाइ, छुटकारा, निको हुवाइ र आश्चर्य कर्महरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ३५:३-७, १० | ३१ 15<br>परमेश्वरको प्रेम चाखेर पनि फेरि संसारतिर फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ५४:६-८ | ६ 22<br>प्रभुको नाउँको खातिर खेदो-निन्दा, दुःख-कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै जान सकून् ।<br>यूहन्ना १६:३३ | १३ 29<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि साथै उहाँहरूको सेवकाइद्वारा अझ धेरै प्रभुमा आउन सकून् ।<br>उत्पत्ति १२:१-२, मत्ती ६:३३ |
| **बुधबार** Wednesday | २५ 9<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठताको साथै प्रभुप्रतिको प्रेममा सबै जना अझ बढेर जान सकौं ।<br>कलस्सी ३:१४-१७, हिब्रू १०:२४-२५ | ३२ 16<br>आफूले पाएका विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबैले परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | ७ 23<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>हिब्रू १२:३ | १४ 30<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ |
| **बिहीबार** Thursday | २६ 10<br>मण्डलीका सबै बालबालिकाहरू परमेश्वरबाट आशिष् पाएकाहरू भई सानै उमेरमा नै असल साक्षी भई परमेश्वरलाई महिमा दिन सकून् ।<br>यशैया ६१:९ | १ श्रावण 17<br>मण्डलीका जवानहरू परमेश्वरबाटको विभिन्न सेवकाइको बोलावटमा आज्ञाकारी हुनलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>यर्मिया १:४-१०, योएल २:२८ | ८ 24<br>मण्डलीका सबै वृद्ध/वृद्धाहरू तथा बेथानी आश्रममा बस्नुहुने बज्यै-हरूका लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:३-४ | १५ 31<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलस्सी ३:१३-१७ |
| **शुक्रबार** Friday | २७ 11<br>मण्डलीका विश्वासीहरू कोही पनि रीतिविधिमा मात्र सेवा संगतिमा सहभागी नभई सत्यतामा आराधना गर्न साथै वचनको तिर्खाको साथ तयार भएर आउन सकून् ।<br>भजनसंग्रह ८४:१-६ | २ 18<br>प्रत्येक शनिबार आराधना सेवा साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ७८:१-१८ | ९ 25<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू पवित्र आत्माको उपस्थिति र अगुवाइमा जागृत हुँदै जान सकून् ।<br>१ कोरिन्थी २:९-१३ | १६ August 1<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० |
| **शनिबार** Saturday | २८ 12<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>हिब्रू १२:१ | ३ 19<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | १० 26<br>सरकारी, इसाई, संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न काम व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | १७ 2<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रेरित १६:२५-३४ |

**के तँलाई थाहा छैन ? के तैंले सुनेको छैनस् ? परमप्रभु सदासर्वदा परमेश्वर हुनुहुन्छ, पृथ्वीको पल्लो छेउसम्मका सृष्टिकर्ता हुनुहुन्छ । उहाँ न ता थकित न हैरान हुनुहुन्छ, र कसैले पनि उहाँको समझलाई नाप्न सक्दैन ? उहाँले थकितहरूलाई बल दिनुहुन्छ, र कमजोरहरूको शक्ति बढाइदिनुहुन्छ । युवक पनि दुर्बल र थकित हुन्छन्, र जवान मानिसहरू थाकेर लोट्छन् । तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ । तिनीहरू गरुडझैं माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्नेछैनन्। तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन् ।** **यशैया ४०:२८-३१**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,